नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

माध्यमिक तहको अध्यापन अनुमतिपत्रको विज्ञापन- २०८३

(प्रथम पटक प्रकाशित मितिः २०८३।०७।३० गते)

शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ९ को उपनियम (१) को खण्ड (ग) र नियम ९ को उपनियम (७) बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका र तोकिए बमोजिमको तालिम प्राप्त गरेका माध्यमिक तहको अध्यापन अनुमतिपत्र लिन चाहने इच्छुक व्यक्तिहरूले आयोगको आधिकारिक अनलाइन दरखास्त प्रणाली https://license.tsc.gov.np/ मार्फत अनलाइन दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञापन प्रकाशित गरिएको छ। **अनलाइन दरखास्तमा आवेदन गर्दा व्यक्तिगत विवरण एवम् तोकिएका कागजातहरू पेश गरी राजश्व दस्तुर बुझाई सकेपछि पेश गरिएको कुनै कागजात परिमार्जन/संशोधन तथा थपघट गर्न नसकिने बेहोरा सूचित गरिन्छ।** व्यक्तिगत विवरण र पेश गर्नुपर्ने कागजातहरू सुनिश्चित गरेर मात्र अनलाइन दरखास्त पेश गर्नुपर्नेछ। उम्मेदवारले पेश गरेका कुनै पनि प्रमाणपत्रहरू रुजू गर्ने क्रममा यस परीक्षाको नतिजा प्रकाशनका बखतसम्म पनि फरक परेमा वा अन्यथा पाइएमा आयोगबाट त्यस्ता दरखास्त रद्द गरिनेछ।

१. **विज्ञापन नम्बरः** ४५/०८३/८४

२. **परीक्षाको किसिमः** लिखित परीक्षा (वस्तुगत)

३. **दरखास्त दस्तुरः** रु. १०००/- (एक हजार रूपैया मात्र)

४. **दरखास्त दिन सकिने सुरु मितिः** २०८३ मंसिर ७ गते सोमबार

५. **दरखास्त दिने अन्तिम मितिः** २०८३ पुष ०७ गते सम्म

६. **दोब्बर दस्तुर बुझाई दरखास्त दिने मितिः** २०८३ पुस १४ गतेसम्म

७. **उमेरको हदः** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भएको।

८. **दरखास्तको माध्यमः** आयोगको आधिकारिक वेबसाइट https://license.tsc.gov.np/मा Click गरी "अनलाइन दरखास्त प्रणाली" मार्फत दरखास्त पेश गर्न सकिनेछ। दरखास्त पेश गर्ने विधिसम्बन्धी विस्तृत जानकारी आयोगको लाइसेन्स दरखास्त पोर्टलमा रहेको "**प्रयोगकर्ता पुस्तिका**"मा हेर्न सकिनेछ।

९. **परीक्षा सञ्चालन हुने मिति र समयः** पछि प्रकाशन गरिनेछ।

१०. **परीक्षा केन्द्रः** प्रदेश राजधानी रहेको जिल्ला र आयोगले आवश्यकताअनुसार तोकेका अन्य जिल्लाहरू।

यस सम्बन्धि विस्तृत जानकारी पछि आयोगको वेबसाइटमा प्रकाशन गरिनेछ।



११. दरखास्त दस्तुर बुझाउने बैंक र विधिः

(क) आयोगको अनलाइन पोर्टल **https://license.tsc.gov.np/** बाट फाराम भरी **Submit** गर्नुपर्ने।

(ख) फाराम **Submit** गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन बाँकी भए नभएको यकिन गरी सबै विवरण ठीक भएको निश्चित भएपछि मात्र दरखास्त Submit गर्नुपर्ने।

(ग) दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा आफ्नो सबै विवरण ठीक भएको यकिन गरेपश्चात मात्र दस्तुर भुक्तानी गर्नुपर्ने ।

(घ) दस्तुर बुझाउनका लागि **"यहाँ क्लिक गर्नुहोस्"** मा **Click** गर्ने। **बैंक Option** मा **"राष्ट्रिय बाणिज्य बैंक"** वा **"नेपाल बैंक लिमिटेड"** मध्ये कुनै एक Option छनोट गर्ने।

(ङ) बैंक छनोट पश्चात् **"भौचर प्राप्त गर्नुहोस"** मा **Click** गर्ने।

(च) भौचर Generate भएपछि उक्त भौचर प्रिन्ट गरी तोकिएको समयभित्र सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्ने।

(छ) भौचर Generate नगरी गरिएको भुक्तानी मान्य हुने छैन।

(ज) Online Payment गर्नेको हकमा भौचर Generate भएपछि त्यसै पेजमा रहेको **"अनलाइन भुक्तानी गर्नुहोस्"** Button मा **Click** गर्ने।

(झ) रकम भुक्तानी गर्न **Connect IPS, E-Sewa , Khalti** र **IME Pay** विकल्पहरु आउनेछन्। त्यसपछि **Connect IPS, E-Sewa, Khalti** र **IME Pay** मध्ये कुनै एक विकल्पमा **Click** गर्ने।

(ञ) तत्पश्चात् **"रकम भुक्तानी गर्नुहोस्"** मा **Click** गर्ने। त्यसपछि छनोट गरिएको विकल्पमा Username र password राखी Online Payment मा आफ्नो नामसहितको विवरण मिलेमा तोकिएको रकम (तोकिएको मिति बमोजिमको सिङ्गल वा दोब्बर दस्तुर) दाखिला गर्ने।

(ट) रकम दाखिला भए नभएको यकिन भएपछि मात्र आफ्नो आवेदन Submit भयो भनी सुनिश्चित हुनेछ।

(ठ) प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि आफ्नो इमेल, उम्मेदवार सङ्केत नम्बर र पासवर्ड सुरक्षित साथ राख्नु पर्नेछ। प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्नेछ।

१२. दरखास्त दस्तुर बुझाउने अवधिः

दरखास्त दिने अन्तिम मिति २०८३/०९/०७ गते राति ११:५९ बजेभित्र राजश्व सूचना प्रणालीबाट सिर्जित भौचर प्रिन्ट गरी फाराम **Submit** गरी भौचर Generate भएको सोहि दिन वा भोलिपल्ट भौचरमा उल्लिखित दस्तुर बुझाउनु पर्नेछ। कुनै कारणले सम्भव नभएमा मिति २०८३/०९/१४ गते बैंकिङ्ग कारोवार हुने समयभित्र भौचरमा उल्लिखित दस्तुर अनिवार्य रुपमा बुझाउनु पर्नेछ। **दोब्बर दस्तुर** तिरी दरखास्त पेश गर्नेको हकमा मिति २०८३/०९/१४ गते राति ११:५९

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६

बजेभित्र राजश्व सूचना प्रणालीबाट सिर्जित भौचर प्रिन्ट गरी सो को भोलिपल्ट मिति २०८३/०९/१५ गते बैकिङ्ग कारोवार हुने समयभित्र भौचरमा उल्लिखित दस्तुर अनिवार्य रुपमा बुझाउनु पर्नेछ। तर दस्तुर बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बुझाउन सकिनेछ। दस्तुर पेश भएनभएको विवरण आफ्नो प्रोफाइलमा अध्यावधिक हुनेछ।

१३. आवश्यक न्यूनतम योग्यता:

(१) शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ६ घ(१) मा दिइए अनुसार देहाय बमोजिम अयोग्य नभएको:

(क) गैर नेपाली नागरिक,
(ख) १८ वर्ष उमेर नपुगेको,
(ग) मगज बिग्रेको,
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,
(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,
(च) नियम ९ बमोजिमको शैक्षिक योग्यता नभएको,
(छ) नियम ९ बमोजिमको तालीम नलिएको।

शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ९(१) ग र ९(७) बमोजिम विज्ञान, गणित, अंग्रेजी, लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, पशुपालन वा वाली विज्ञान विषयमा स्नातक गरेका व्यक्तिले तालिम नलिए पनि माध्यमिक तहको अध्यापन अनुमति पत्र परीक्षामा उम्मेदवार हुन सक्नेछन्। यी बाहेक अन्य विषयहरूका लागि तालिम अनिवार्य हुनेछ।

१४. अपलोड गर्नुपर्ने कागजातहरु: आवेदन दिँदा नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको फोटो, दस्तखत नमुना, न्यूनतम योग्यताको लब्धाङ्कपत्र, तालिमको प्रमाणपत्र र समकक्षता प्रमाणपत्र (बिदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा) Scan गरी अनलाइन दरखास्त प्रणालीले निर्दिष्ट गरेको स्थानमा JPG/JPEG/PNG format (कम्तिमा 75 KB र बढीमा 200 KB) मा upload गर्नुपर्नेछ। उपरोक्त कागजात नपुगी विवरण पेश गरेमा उक्त आवेदन जुनसुकै बखत रद्द हुन सक्नेछ।

१५. आवेदन फाराम भर्दा ध्यान दिनुपर्ने कुराहरु:-

(क) आवेदन फाराम व्यक्ति स्वयमले भर्नुपर्नेछ।

(ख) आवेदन फाराम भर्ने विवरण पछिसम्म फरक नपर्ने गरी भर्नुपर्नेछ।

(ग) आफुले प्रयोग गर्ने मोबाइल नम्बर र इमेल ठेगाना नै आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।



१६. विज्ञापनसम्बन्धी थप जानकारी:-

(क) लिखित परीक्षा सबै प्रदेशमा एकै दिन एकै समयमा हुने भएकोले जुन प्रदेशबाट परीक्षामा सहभागी हुन चाहेको हो दरखास्त फाराममा सोही प्रदेश मात्र छनोट गर्नुपर्नेछ । एक व्यक्तिले एक प्रदेशभन्दा बढी प्रदेशमा दरखास्त दिन पाइने छैन।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएका वा न्यूनतम योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको समयभित्र दस्तुर नबुझाएका लगायत रीत नपुगेका वा कुनै शर्त राखी पेश गरिएका दरखास्तमाथि कुनै कारवाही गरिने छैन । कुनै कारणबस प्रवेश पत्र जारी भएपनि जुनसुकै समयमा रद्द हुन सक्नेछ ।

(ग) दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन ।

(घ) अपाङ्गता भएको कारण आफैले लेख्न नसक्ने (दृष्टिविहीन, 'ग' वर्गको न्यून दृष्टि र दुबै हात नचल्ने) व्यक्तिले सहयोगी लेखक माग गर्दा तोकिएको न्यूनतम योग्यताभन्दा कम्तीमा एक तह मुनीको योग्यता भएको (शिक्षा विषय लिएर प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको बाहेक) व्यक्तिमध्येबाट परीक्षा केन्द्र रहेको सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय एकाइमा रहेका रोष्टरबाट लेखन सहयोगी लिनका लागि एकाइले अनुमति दिनेछ ।

(च) आयोगको वेबसाइट www.tsc.gov.np को **डाउनलोड** मा Click गरी पाठ्यक्रम (**मिति २०७८/१२/०२** मा प्रकाशित) प्राप्त गर्न सकिनेछ ।

(छ) उम्मेदवारले अनलाइन फाराममा पेश गरेका कुनै पनि प्रमाणपत्रहरू तोकिएको न्यूनतम योग्यता बमोजिम नभएमा त्यस्ता दरखास्त जुनसुकै बेला रद्द हुन सक्नेछन् । कुनै विवरण ढाँटी लिएको अध्यापन अनुमति पत्रका आधारमा शिक्षक स्थायी नियुक्ति भएमा समेत विवरण ढाँटेको प्रमाणित भएमा जुनसुकै बखत नियुक्ति समेत रद्द गरी नियमानुसारको कारबाही हुनेछ ।

(ज) योग्यता नपुगेका कागजात अपलोड गरी परीक्षामा सामेल भएका उम्मेदवारहरुको नतिजा प्रकाशन र अध्यापन अनुमति पत्र वितरण गर्न आयोग बाध्य हुने छैन।